# उच्च अदालत जनकपुर

धनुषा

फोन नं. ०४१–५२१०७४
०४१–५२१०७२
०४१–५२८१७३
Fax N. ०४१–५२७२९७
Email–infoacjanakpur@acourt.gov.np

मितिः २०७८।०१।१७

## सूचना सूचना सूचना

आज मिति २०७८।१।१७ मा यस उच्च अदालत जनकपुरका माननीय मुख्य न्यायाधीश श्री प्रकाश चन्द्र गजुरेल ज्यूको अध्यक्षतामा सम्पुर्ण माननीय न्यायाधीश ज्यूहरुको उपस्थितिमा बसेको पूर्ण बैठकले मिति २०७८।१।१९ गते देखि लागू हुने गरी निम्नानुसार गर्न गराउने निर्णय भएकाले सबै कर्मचारी, कानून व्यवसायी र सेवाग्राही समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

(१) कोरोनाको प्रकोप बढ्ने सम्भावनालाई दृष्टिगत गरी अदालत हाता भित्र प्रवेश गर्ने कानून व्यवसायी, कर्मचारी, सेवाग्राही र अन्य सरोकारवाला व्यक्तिहरुले अनिवार्य रुपमा सुरक्षाका मापदण्ड पालना गराई मास्क प्रयोग गर्नु पर्ने कुरालाई अदालत प्रशासनबाट नियमन तथा अनुगमन गर्ने।

(२) नयाँ मुद्दा दर्ता, अभियोग पत्र दर्ता, मिलापत्र, म्याद थप, मुद्दा फिर्ता, पक्राउ पूर्जी जारी, रिट निवेदनको प्रारम्भीक सुनुवाई र छलफल, फौजदारी मुद्दाको थुनुवा भएका निवेदन प्रतिवेदन उपरको सुनुवाई, ५ जना सम्म प्रतिवादी भएको थुनुवा मुद्दा, २ बर्ष नाघेका मुद्दा तथा बन्दीप्रत्यक्षीकरण निवेदन उपरको सुनुवाई नियमित रुपमा गर्ने।

(३) कोभिड संक्रमणकालीन अवस्थामा पक्षको तर्फबाट प्रतिरक्षार्थ उपस्थित हुने कानून व्यवसायीको सम्बन्धमा सम्भव भएसम्म एकपक्षको एक कानून व्यवसायी र सम्भव नहुनेमा अन्य कानून व्यवसायीले आलो पालो पद्धतिबाट इजलास प्रवेश तथा बहस व्यवस्थापन गर्नका लागि जनकपुर बार इकाइ मार्फत सम्बद्ध विद्वान कानून व्यवसायीहरुलाई जानकारी गराउने।

(४) हाल संक्रमित रुपमा फैलिरहेको कोरोनाबाट यस अदालतमा कार्यरत न्यायाधीश तथा सम्पुर्ण कर्मचारीहरुको स्वास्थ्य सुरक्षा समेतको सम्बन्धमा आवश्यकता अनुसार पछि निर्णय गर्न सकिने नै हुँदा हाल स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्ने तर्फ सचेत रहने प्रतिबद्धता समेत जाहेर गरियो।